नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

मितिः २०८३/०३/११

## विज्ञप्ति

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरीज्यूले मिति २०८३ जेठ १२ गते आयोगमा हाजिरी भई आफ्नो कार्यभार सम्हाल्नुभएको ३२ दिन (२१ कार्यदिन) को संक्षिप्त कार्यावधिमा यस आयोगबाट देहाय अनुसारका महत्वपूर्ण कार्य सम्पादित भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा आयोगको २४औं बैठक सम्पन्न भई निम्न निर्णय भएकोः
नेपाल राजपत्रमा प्रकाशित सम्बत् २०८३ सालको अध्यादेश नं. ०७ (केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश) बमोजिम "राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५" को दफा ५४ख. थप भई आयोगलाई ऐनको अधीनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने कानुनी व्यवस्था गरिएको छ। सोही नयाँ व्यवस्थाको परिप्रेक्ष्यमा विगतमा जारी गरिएका र नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने तपसिल बमोजिमका निर्देशिका तथा कार्यविधिहरूलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशिका तथा कार्यविधिहरू स्वीकृत भई लागु गरिएकोः

| क्र.स. | निर्देशिका तथा कार्यविधिको विवरण |
|---|---|
| १. | आशय पत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि, २०८३ |
| २. | चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ |
| ३. | चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०८३ |
| ४. | वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यबस्थापनसम्बन्धी निर्देशिका, २०८३ |
| ५. | शिक्षण शुल्क कार्यान्वयन अनुगमनसम्बन्धी कार्यविधि, २०८३ |
| ६. | शिक्षण संस्थाको प्रत्यायनसम्बन्धी कार्यविधि, २०८३ |
| ७. | नेसनल वोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि,२०८३ |

२. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा आयोगको २५औं बैठक सम्पन्न भई निम्न बमोजिमका महत्वपूर्ण निर्णय भएकोः विगतमा आयोगबाट जारी भएका सबै निर्देशिका तथा कार्यविधिहरू "विधायन ऐन, २०८१" को

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

दफा ३५ अनुरूप स्वतः अमान्य भएको सन्दर्भमा आयोगबाट छात्रवृत्ति अनुदान निकासा गर्ने प्रक्रिया अवरुद्ध हुन पुगेको थियो। यसै संवेदनशीलतालाई मध्यनजर गर्दै मिति २०८३ साल असार २ गते मङ्गलबारका दिन सम्माननीय प्रधानमन्त्री एवम् चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यूको अध्यक्षतामा बसेको आयोगको पच्चिसौं बैठकबाट **"छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३"** स्वीकृत गरिएको र सो कार्यविधि बमोजिम अनुदान निकासा प्रक्रिया पुनः सुचारू गरिनुका साथै आवासीय चिकित्सकहरूलाई मासिक रूपमा निर्वाह भत्ता अनिवार्य रूपमा भुक्तानी पाउने व्यवस्था मिलाइएको छ ।

३. कार्यकारी समितिको बैठक सङ्ख्या ३८७ (मिति २०८३/०३/११) बाट राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा (९) मा उल्लेखित "शिक्षण संस्थामा एमबिबिएस, डेन्टल लगायत अन्य कार्यक्रमका लागि एकीकृत वार्षिक शैक्षिक क्यालेन्डर लागू गरिने छ" भन्ने कानुनी प्रावधान बमोजिम शैक्षिक वर्ष २०८३-०८४ (सन् २०२६/२७) का लागि चिकित्सा शिक्षाको स्नातक (UG), स्नातकोत्तर (PG) एवम् स्पेसियालिटी र डिएम (DM), एमसीएच (MCh) एवम् सब-स्पेसियालिटी तहको "एकीकृत वार्षिक शैक्षिक क्यालेन्डर" स्वीकृत गरिएको छ। उक्त स्वीकृत क्यालेन्डर बमोजिम कार्यक्रम सञ्चालन गर्ने देशैभरका विश्वविद्यालय, प्रतिष्ठान, शिक्षण संस्था र स्वास्थ्य संस्थाहरूलाई सोको पूर्ण कार्यान्वयन गर्न/गराउनका लागि सूचना प्रकाशित गरिएको छ।

४. इन्टर्न कार्यक्रममा संलग्न एमबिबिएस कार्यक्रमका विद्यार्थीहरूलाई सम्बन्धित विश्वविद्यालयहरूले आफ्ना आङ्गिक शिक्षण संस्थाहरूमा उक्त इन्टर्न कार्यक्रममा संलग्न विद्यार्थीहरूलाई उपलब्ध गराए सरह नै इन्टर्नसिप भत्ता उपलब्ध गराउन र आवासिय चिकित्सकहरूको कार्य घण्टा सम्बन्धमा पाठ्यक्रमले तोकेको सक्षमता पूरा हुने गरी कार्य घण्टा निर्धारण गर्न विश्वविद्यालय, प्रतिष्ठानलाई निर्देश गरिएको छ।

५. चिकित्सा शिक्षाको वर्तमान अवस्था र आयोगको भूमिकाका सम्बन्धमा चिकित्सा शिक्षा विज्ञहरूसँग परमर्श बैठक आयोजना गरिएको ।

(बसन्त प्रसाद कोइराला)
सदस्य सचिव एवम् प्रवक्ता

फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट: www.mec.gov.np